# पुतलीबजार नगरपालिका, स्याङ्जा
# बारुणयन्त्र संचालन तथा व्यवस्थापन कार्यविधि,२०७४

**पृष्ठभूमि :**

यस पुतलीवजार नगरपालिकामा रहेको बारुणयन्त्रलाई प्रभावकारी रुपमा परिचालन गरी आगलागी प्रकोपको संकट बाट यस नगर क्षेत्र तथा वरिपरिका नगरपालिका तथा गाउँपालिका क्षेत्रमा समेत संकट न्यूनिकरण तथा आवश्यक अन्य सेवा प्रदान गर्न संस्थागत ब्यवस्था, कोष र यसका लागि आवश्यक जनशक्तिको व्यवस्था गर्दै प्रकोपको संकट न्यूनिकरणमा सरोकारवाला संस्था, नगरबासी, निजी क्षेत्र तथा नागरिक समाज समेतको सहभागितात्मक परिचालन समेत गर्नका लागि यस नगरपालिकामा बारुणयन्त्र संचालन तथा व्यवस्थापन कार्यविधि स्विकृत गरी लागू गरिएको छ ।

## भाग १
## संक्षिप्त नाम र प्रारम्भ

१) यस निर्देशिकाको नाम “बारुणयन्त्र संचालन तथा व्यवस्थापन कार्यविधि २०७४” रहेको छ।
२) यो कार्यविधी नगर कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ ।

## भाग २
## परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा,

क) बारुण यन्त्र भन्नाले आगलागी नियन्त्रणको लागि प्रयोगमा ल्याइने मेशिनरी उपकरणलाई सम्झनु पर्छ ।

ख) स्थानीय समन्वय समिति भन्नाले नगरपालिका स्तरमा बारुणयन्त्र संचालन तथा व्यवस्थापन गर्ने प्रयोजनको लागि गठित समन्वय समिति सम्झनु पर्छ ।

ग) अनुदान भन्नाले नेपाल सरकारबाट नगरपालिकालाई उपलव्ध हुने निःशर्त तथा सशर्त अनुदानको रकम समेत सम्झनु पर्छ ।

घ)गैर सरकारी संस्था भन्नाले स्थानीय तहको समग्र विकासमा ठोस योगदान पुर्‍याउन निश्चित लक्ष्य र उद्देश्य राखी प्रचलित कानून बमोजिम दर्ता भई स्थानीय निकायहरुसँग समन्वय राखी कार्य गरिरहेका नाफारहित संघ/संस्थाहरु सम्झनु पर्छ ।

## भाग ३
## उद्येश्य

यस कार्यविधीको उद्देश्य देहाय बमोजिम हुनेछ :-

क) वारुणयन्त्र विश्वसनीय र भरपर्दो रुपमा संचालन गर्नु ,

ख) आगलागी नियन्त्रणको लागि छिमेकी नगरपालिका र गाउँपालिका क्षेत्रमा बारुणयन्त्र सेवा उपलब्ध गराउनु ।

घ) बारुणयन्त्र संचालनको लागि स्रोत व्यवस्था गर्नु ।

ङ) बारुणयन्त्र संचालन तथा व्यवस्थापनमा निजी क्षेत्र तथा समुदायको सहभागिता अभिबृद्धि गर्नु ।

## भाग ४

## संगठनात्मक ब्यवस्थाः

१) बारुणयन्त्रको व्यवस्थित, विश्वसनीय र प्रभावकारी व्यवस्था ब्यवस्थापनका लागि देहायको बारुणयन्त्र सेवा संचालन तथा व्यवस्थापन समन्वय समिति रहनेछ ।

| | |
|---|---|
| क) नगरपालिका प्रमुख | - संयोजक |
| ख) उपप्रमुख | |
| ग) छिमेकी नगरपालिका र गाउँपालिका प्रमुख तथा  अध्यक्ष | - सदस्य |
| घ) जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि | - सदस्य |
| ङ) जिल्ला समन्वय समितिको कार्यालयका अधिकृत प्रतिनिधि | - सदस्य |
| च) जिल्ला प्रहरी कार्यालयको अधिकृत प्रतिनिधि | - सदस्य |
| छ) जिल्लास्थित सशस्त्र प्रहरी कार्यालयको अधिकृत प्रतिनिधि | - सदस्य |
| ज ) जिल्ला तथा नगर उद्योग बाणिज्य संघका अध्यक्षहरु | - सदस्य |
| झ) नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखाको सभापति | - सदस्य |
| ञ) गैसस महासंघको जिल्ला अध्यक्ष | - सदस्य |
| ट) नेपाल पत्रकार महासंघको जिल्ला सभापति | - सदस्य |
| ठ) कार्यकारी अधिकृत | - सदस्य सचिव |

२)  सेवा प्रवाह सुनिश्चित गर्न देहाय बमोजिमका एक निर्देशक समिति रहनेछ ।

| | | |
|---|---|---|
| नगर प्रमुख | : | संयोजक |
| नगर उपप्रमुख | : | सदस्य |
| जिल्ला समन्वय अधिकारी | : | सदस्य |
| सहायक प्रमुख जिल्ला अधिकारी | : | सदस्य |
| जिल्ला प्रहरी कार्यालयको प्रमुख | : | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | : | सदस्य सचिव |

३) समन्वय समितिको कार्य: बारुणयन्त्र सञ्चालन तथा व्यवस्थापन समन्वय समितिले देहायका कार्य गर्ने छ ।

क) बारुणयन्त्र सञ्चालन तथा व्यवस्थापनको लागि वार्षीक वजेट तथा कार्यक्रम बनाउन नगरपालिकालाई सहयोग गर्नु,

ख) बारुणयन्त्र सञ्चालनको लागि जिल्ला समन्वय समिति, नगरपालिका, गाउँपालिका तथा नगर उद्योग वाणिज्य संघसंग समन्वय गरी श्रोत व्यस्थापन गर्नु,

ङ) बारुण यन्त्र सञ्चालनको लागि सुरक्षाको आवश्यकता महशुस भएमा सुरक्षा निकायसंग समन्वय गर्नु,

च) स्थानीय आवश्यकता र औचित्यको आधारमा बारुणयन्त्र सञ्चालन तथा व्यवस्थापनको लागि सेवा शुल्क निर्धारण सिफारिश गर्ने,

४) निर्देशक समितिको कामकर्तव्य :

क) समन्वय समिति समक्ष बार्षिक बजेट तथा कार्यक्रम बनाई पेश गर्ने ।

ख) कार्यदलका कर्मचारी बीचको सम्बन्ध सुमधुर बनाउन समितिले आचारसंहिता बनाई लागू गर्ने।
ग) निर्देशक समितिले
घ) बारुणयन्त्र सेवा व्यवस्थापन सम्बन्धमा आवश्यकता अनुसार समन्वय समितिलाई रायसुझाव उपलब्ध गराउने ।
५) सरोकारवाला निकायको भूमिका :
बारुणयन्त्र सञ्चालन तथा व्यवस्थापन गर्ने शिलशिलामा सरोकारवाला निकायहरुको भूमिका र जिम्मेवारी देहाय बमोजिम हुने छ ।
क) जिल्ला समन्वय समितिले नियमित आर्थिक योगदान, आवश्यकता अनुसार गाउँपालिका र अन्तर जिल्ला समन्वय स्थापित गरिदिनु पर्नेछ
ख) जिल्ला प्रशसन कार्यालयबाट नगरपालिकाको माग बमोजिम आवश्यक सुरक्षा प्रवन्ध मिलाउनु पर्नेछ ।
ग) वार्षिक कार्यक्रम बमोजिम सम्बन्धित अन्य नगरपालिका र गाउँपालिकाबाट कोषमा आर्थिक सहयोग उपलब्ध गराउनु पर्नेछ ।
घ) उद्योग वाणिज्य संघबाट कोषमा आर्थिक सहयोग उपलब्ध गराउनु पर्ने छ ।
ङ) निजीक्षेत्र एवं नागरिक समाजले आवश्यक्ता अनुसार आपतकालीनश्रम तथा अन्य भौतिक सहयोग उपलब्ध गराउनु पर्ने छ ।

## भाग ५
## कोषको व्यवस्था र परिचालन

१) नगरपालिकाको प्रकोप व्यवस्थापन विशेष कोष अर्न्तगत बारुणयन्त्र संचालन तथा व्यवस्थापन कोष
रहनेछ , जसमा देहाय बमोजिमको रकम जम्मा गरिनेछ ।
क) नेपाल सरकारवाट बारुणयन्त्र संचालन तथा व्यवस्थापनको लागि उपलव्ध अनुदान रकम,
ख) नगरपालिकाबाट बारुणयन्त्र संचालन तथा व्यवस्थापनको लागि बिनियोजित रकम,
ग) सम्बन्धित जिल्लाको जिल्ला समन्वय समितिबाट उपलव्ध हुने अनुदान रकम,
घ) बारुणयन्त्र सेवा संचालन गर्न सकिने सम्बन्धित तथा छिमेकी जिल्ला समन्वय समिति, नगरपालिका र गाउँपालिकाबाट उपलव्ध रकम,
ङ) बारुणयन्त्र संचालन तथा व्यवस्थापनको लागि स्थानीय तथा छिमेकी जिल्लाका जिल्ला तथा नगर उद्योग बाणिज्य संघहरुबाट उपलव्ध रकम,
च) बारुणयन्त्र खरीद, संचालन तथा व्यवस्थापनको लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ/संस्था, चन्दादाता तथा स्वयंसेवीहरुबाट उपलव्ध रकम
छ) सेवा शुल्क वापत उठेको रकम,
२) कोष संचालन गर्न कोषमा भएको आम्दानी, कोषबाट भएको यथार्थ खर्च र मौज्दात रकम तथा खाता संचालन र लेखा व्यवस्थापन प्रचलित कानुन बमाजिम हुनेछ ।
३) कोषबाट बारुणयन्त्र संचालन तथा व्यवस्थापन, नियमित मर्मत/संभार, बारुणयन्त्र सेवा तर्फ कार्यरत
कर्मचारीको तलव ,भत्ता तथा अन्य सुविधा र आगलागी नियन्त्रणका लागि आवश्यक अन्य सामाग्रीहरु
खरीद तथा मर्मत संभारमा मात्र खर्च गर्न सकिनेछ ।

४) आर्थिक बर्षको अन्तमा खर्च नभइ बाँकी रहेको मौज्दात रकम फ्रिज नभइ सोही कोषमा नै ट्रान्सफर गरी राखिनेछ ।

## भाग ६
## दरवन्दी तथा जनशक्ति व्यवस्थापन

| पद | तह | संख्या | कार्यअवधी | सेवाको प्रकृति | पारिश्रमिक निर्धारण |
|---|---|---|---|---|---|
| सवारी चालक | सहायक चौथो तृतीय | ३ जना<br>(न.पा.ले नियुत्ति गर्ने कर्मचारी १ र सो बाहेक सेना प्रहरी सँगको समन्वयमा सवारी चालकको ब्यवस्था गर्न सकिने) | दैनिक ८ घण्टा | न.पा.ले गर्ने नियुक्तिका लागि सेवाकरार | वार्ताद्धारा तय गर्नेगरी |
| हेल्पर | सहायक तृतीय | ९ जना(३।३ जनाको एक सिफ्ट)<br>(न.पा.ले नियुत्ति गर्ने कर्मचारी २ र सो बाहेक सेना प्रहरी सँगको समन्वयमा सवारी चालकको ब्यवस्था गर्न सकिने) | दैनिक ८ घण्टा | न.पा.ले गर्ने नियुक्तिका लागि सेवाकरार | वार्ताद्धारा तय गर्नेगरी |

१०) कार्यदलको गठन र परिचालनःनगरपालिका कर्मचारी,सेना र प्रहरीको संयुक्त सेवाप्रवाह कार्यदल गठन हुनेछ

| कार्यालय | कर्मचारी संख्या | भूमिका | कैफियत |
|---|---|---|---|
| पुतलीवजार नगरपालिका | १ | संयोजन | तालीम प्राप्त कर्मचारी |
| नेपाली सेना | ४ | सदस्य | १ सवारी चालक र ३ हेल्पर |
| नेपाल प्रहरी | ४ | सदस्य | १ सवारी चालक र ३ हेल्पर |

## भाग ७
## अन्य व्यवस्था

१) बारुणयन्त्र सेवामा कार्यरत जनशक्तिको लागि नियमित प्रशिक्षण एवं अध्ययन तथा अवलोकन भ्रमणको व्यवस्था गरी क्षमता विकास गरिने छ ।

२) जनशक्तिको सुरक्षालाई मध्यनजर गरी प्रति कर्मचारी रु. ५ लाखसम्मको दुर्घटना वीमा गर्न सकिनेछ ।

३) कर्मचारी भर्ना गर्दा नगरपालिकालाई दीर्घकालीन दायित्व सृजना नहुने  गरी सेवा करारमा गरिने छ ।

४) कर्मचारीहरुलाई उपलब्ध गराईने अन्य सेवा सुविधा र काम गर्ने समय करारनामामा तोकिए बमोजिम हुने छ ।

६) आगलागी नियन्त्रणको कार्य ज्यादै नै संवेदनशील भएकोले बारुणयन्त्र सेवातर्फ कार्यरत जनशक्तिको कर्तव्य पालना र अनुशासनलाई विशेष ध्यान दिईनेछ । अनुशासनको पालना नभएको पाइएमा संक्षिप्त कार्यविधि अबलम्बन गरी सेवाबाट बर्खास्त गर्ने सम्मका कारवाहीहरु गरिनेछ ।

११) गलत सूचना दिने व्यक्तिलाई हुने सजायँ: आगलागी भएको भनी गलत सूचना दिने व्यक्ति र बारुणयन्त्र सञ्चालन तथा व्यवस्थापन कार्यमा अवरोध पुऱ्याउने व्यक्तिलाई नगरपालिकाले पाँच हजार रुपैयाँसम्म जरिबाना गर्न सक्ने छ । पुन: त्यस्तो कसूर सोही व्यक्तिले गरेमा पटकै पिच्छे दोब्बर जरिबाना गर्न सकिने छ यस्तो जरिबानाको रकम सरकारी बाँकी सरह असुल उपर गरिने छ ।

१२) संशोधन :
यस निर्देशिका कार्यान्वयनका कममा कुनै बाधा अबरोध आएमा बाधा अड्चन फुकाउने प्रयोजनका लागि मन्त्रालयले आवश्यकता अनुसार थपघट, संशोधन र हेरफेर गर्न सक्नेछ ।

आज्ञाले
रुद्रबहादुर मल्ल
प्रमुख प्रशासकीय अधिकृत

# पुतलीबजार नगरपालिका स्याङ्जा

## बारुणयन्त्र संचालन तथा व्यवस्थापन कार्यविधि,२०७४

# स्थानीय राजपत्र

**खण्डः १/संख्याः २१/ मितिः २०७४/१०/१६**

## भाग-२